चैनपुर नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड:९, सङ्ख्या:२, मिति:२०८२ साल श्रावण १८**

## भाग-२

## चैनपुर नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

### कोशी प्रदेश, सङ्खुवासभा, नेपाल

चैनपुर नगरपालिकाको (प्रशासकीय कार्यविधि नियमित) गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी चैनपुर नगरपालिकाले यो कार्यविधि स्वीकृत गरी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८२ सालको कार्यविधि नं. २(दुई)

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०४/१८ गते
राजपत्रमा प्रकाशित मितिः २०८२/०४/१८ गते

**चैनपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८२**

**प्रस्तावनाः** चैनपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले चैनपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ ।

| क्र.सं. | हालको व्यवस्था (दफा/उपदफा सहित) | संशोधन पछिको व्यवस्था (दफा/उपदफा सहित) | कारण |
|---|---|---|---|
| १ | १.संक्षिप्त नाम र प्रारम्भः<br>क.यस कार्यविधिको नाम "चैनपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।<br>ख.यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ । | १.संक्षिप्त नाम र प्रारम्भः<br>क.यस कार्यविधिको नाम "चैनपुर नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि (पहिलो संशोधन) २०८२" रहेको छ।<br>ख.यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ । | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १८ बमोजिमका पदहरुमा सेवा करारबाट कार्य सम्पादन गराउदा प्राविधिक शब्दले मात्रै उपयुक्त नहुने देखिएकाले |
| २ | १.ङ."प्राविधिक कर्मचारी" भन्नाले दफा ३(२) बमोजिम प्राविधिक सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचारी सम्झनुपर्दछ । | २.ङ."कर्मचारी" भन्नाले दफा ३(२) बमोजिम सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचरी सम्झनुपर्दछ। | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १८ बमोजिमका पदहरुमा सेवा करारबाट कार्य सम्पादन गराउदा प्राविधिक शब्दले मात्रै उपयुक्त नहुने देखिएकाले |
| ३ | ३.कार्यविधि लागू हुने क्षेत्र र सेवाः (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) तथा स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्थाको दफा १५(४) बमोजिम प्राविधिक कर्मचारी करारमा राख्ने प्रयोजनको लागि यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ । | ३.कार्यविधि लागू हुने क्षेत्र र सेवाः (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७), स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्थाको दफा १५(४) तथा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १८ बमोजिम कर्मचारी | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १८ बमोजिमका पदहरुमा सेवा करारबाट कार्य सम्पादन गराउदा |

| | | | |
|---|---|---|---|
| | (२) कार्यालयले देहायको सेवासँग सम्बन्धित प्राविधिक कर्मचारी यस कार्यविधि बमोजिम अवधि तोकी करारमा राख्न सक्नेछः<br>(क) इन्जिनियरिङ सेवासंग सम्बन्धित<br>(ख) कृषि सेवासँग सम्बन्धित<br>(ग) पशु सेवासँग सम्बन्धित<br>(घ) वन सेवासँग सम्बन्धित<br>(ङ) स्वास्थ्य सेवासँग सम्बन्धित<br>(छ)अन्य कुनै प्राविधिक सेवासँग सम्बन्धित | करारमा राख्ने प्रयोजनको लागि यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।<br>२) कार्यालयले देहायको सेवासँग सम्बन्धित कर्मचारी यस कार्यविधि बमोजिम अवधि तोकी करारमा राख्न सक्नेछः<br>(क)इन्जिनियरिङ सेवासंग सम्बन्धित<br>(ख) कृषि सेवासँग सम्बन्धित<br>(ग) पशु सेवासँग सम्बन्धित<br>(घ) वन सेवासँग सम्बन्धित<br>(ङ) स्वास्थ्य सेवासँग सम्बन्धित<br>(छ)सामाजिक परिचालक, सहजकर्ता वा अन्य सेवासँग सम्बन्धित | कानून आधार आवश्यक भएकाले |
| ४ | ४. छनौट सम्बन्धी व्यवस्थाः छनौट तथा सिफारिस समितिले प्राविधिक कर्मचारी करारमा पदपूर्तिका लागि लिखित वा अन्तर्वार्ता वा प्रयोगात्मक मध्ये कुनै एक वा एक भन्दा बढि परीक्षाका तरिका अपनाई छनौट गर्न सक्ने छ।<br>दफा ३ बमोजिम प्राविधिक कर्मचारी कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सूचिकरण तथा छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः<br>(१)प्राविधिक कर्मचारीको अनुसूचि-१ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयले सूचना पाटी, वेभसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची-२ बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।<br>(२)आवेदन फारामको नमूना अनूसूची-३ बमोजिम हुनेछ । आवेदन दस्तुर नगरपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ। | ४. छनौट सम्बन्धी व्यवस्थाः दफा ३(२) बमोजिमका कर्मचारी नगरपालिकाले करारमा राख्ने प्रयोजनको लागि छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ<br>(१) कर्मचारीको अनुसूची-१ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी नगरपालिका, वडा कार्यालयको सूचना पाटी, स्थानीय/राष्ट्रिय पत्रपत्रिका तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची-२ बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।<br>(२) आवेदन फारामको नमूना अनुसूची-३ बमोजिम हुनेछ । आवेदन दस्तुर चैनपुर नगरपालिकाको कार्यालय वा लोकसेवा आयोगको समान | छनौट सम्बन्धी व्यवस्था अन्तर्गत रहेका द्विविधालाई स्पष्ट पार्न आवश्यक भएकाले |

| | | | |
|---|---|---|---|
| | (३) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा ५ को समितिले मूल्याङ्कन गरी सूचिकृत गर्नुपर्नेछः<br>क.शैक्षिक योग्यता वापत-६० (साठी) अंक,<br>(विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्धितीय श्रेणी वापत ५०, तृतीय श्रेणी वापत ४५, (त्रिभुवन विश्वविद्यालयको अंक गणानाका आधारमा)।<br>ख. कार्य अनुभव वापत-१० (दश) अंक (अनुभव वापत प्रति वर्ष २ अंकको दरले बढीमा १० अंक प्रदान गरिनेछ । यसरी अंक प्रदान गर्दा चानचुन अवधिलाई दामासाही हिसाब गरी अंक प्रदान गरिनेछ । उमेद्धारले कार्य अनुभवको अवधि खुलेको कागजातको प्रमाणित विवरण आवेदनमा संलग्न गरेको हुनु पर्नेछ ।)<br>ग. स्थानीय बासिन्दालाई देहाय बमोजिम- १० (दश) अंक<br>१.चैनपुर नरगपालिकाको बासिन्दा भएमा-१० अंक<br>२.चैनपुर नगरपालिका वाहेकको संखुवासभा जिल्लाको बासिन्दा भएमा-५ अंक<br>घ. अन्तरवार्तामा प्रदान गरिने अधिकतम-२० अंक।<br>यस अनुसार अंक प्रदान गर्दा न्यूनतम ८( आठ) र अधिकतम १४ (चौध) अंकको सीमा भित्र रही प्रदान गर्नु पर्नेछ ।<br>ङ. प्रयोगात्मक परीक्षाः प्रयोगात्मक परीक्षामा प्रदान गरीने अधिकतम अंक ५०(पचास)<br>नगरपालिकालाई आवस्यक पर्ने कुनै प्राविधिक पद करारमा पूर्ती गर्दा प्रयोगात्मक परीक्षासमेत लिनु पर्ने भएमा नगर प्रमुखले तोके बमोजिम सम्वन्धित सेवा समूहको विषयको विज्ञ कुनै | तह/पदका लागि निधारण गरे बमोजिम हुनेछ ।<br>(३) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा ५ को समितिले लिखित परीक्षा लिई नतिजा प्रकाशन गर्नुपर्नेछः<br>क. विज्ञापन प्रकाशित गरी आवेदन परेका मध्येबाट कर्मचारी छनौट गर्न ५० पूर्णाङ्कको सेवा सम्बन्धी परीक्षा लिइनेछ ।<br>ख. उपदफा ४ को उपदफा ३(क) बमोजिमको परीक्षामा सहभागी उम्मेदवारले उत्तिर्ण हुन कम्तीमा ४० प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ ।<br>ग. लिखित परीक्षाको समय ४५ मिनेटको हुनेछ ।<br>घ. उपदफा ३(२) बमोजिमको पदहरुको पाठ्यक्रम सम्बन्धित पदको लागि लोकसेवा आयोगले निर्धारण गरे वा दफा (५) बमोजिमको समितिको निर्णय अनुसार हुनेछ ।<br>(४) उपदफा (१) बमोजिम आवेदन माग गर्दा प्राविधिक कार्य (इन्जिनियरिङ, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि सम्वन्धित निकायबाट जारी भएको व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) प्राप्त गरेको व्यक्तिले मात्र आवेदन दिन सक्नेछन् ।<br>(५) पहिलो चरणको परीक्षाबाट उत्तिर्ण उम्मेदवार मध्ये माग पद संख्याको तीन गुणा संख्यामा उम्मेदवारको नामावली प्रकाशन गरिनेछ । यदि प्राप्ताङ्क बराबर अङ्क प्राप्त गर्ने सम्म सबैको नाम दोस्रो चरणको लागि प्रकाशित गरिनेछ । | |

| | | | |
|---|---|---|---|
| | कार्यालयको स्थायी कर्मचारीको संयोजकत्वमा ३ सदस्यीय उपसमिति गठन गरी प्रयोगात्मक परीक्षा लिइने छ।<br>(४) उपदफा (१) बमोजिम आवेदन माग गर्दा प्राविधिक कार्य (इन्जिनियरिङ, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि सम्वन्धित निकायबाट जारी भएको व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) प्राप्त गरेको व्यक्तिले मात्र आवेदन दिन सक्नेछन्।<br>च. अन्तरवर्ता तथा प्रयोगात्मक परीक्षामा सहभागीलाई सहभागिताको व्यहोरा जनाई हाजिर गराउनु पर्नेछ । साथै अन्तरवार्ताको दिनमा भाग लिन आउने परीक्षार्थीले सक्कल प्रमाण पत्र तथा अनुभव सम्वन्धी कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। | (६) संघीय र प्रदेश सरकारबाट कार्यविधि निर्माण भई उम्मेदवार छनौट गर्नुपर्ने भएमा सोही बमोजिम हुनेछ।<br>(७) पदपुर्ती समितिले लिखित परीक्षामा सफल भएका उम्मेदवारहरु मध्येबाट निम्न बमोजिम अङ्क प्रदान गरी एकमुष्ठ गर्दा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई छनौट गर्नुपर्नेछ।<br>क.शैक्षिक योग्यता वापत-६० (साठी) अंक,<br>(विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्धितीय श्रेणी वापत ५०, तृतीय श्रेणी वापत ४५, (त्रिभुवन विश्वविद्यालयको अंक गणानाका आधारमा)। तर परीक्षार्थीको अंक GPA मा उल्लेख भएको भए सो GPA लाई २५% ले गुणा गरी प्राप्त अंकको ६०% देखी पहिलो श्रेणी, ४५% देखि दोस्रो श्रेणी र ३२% देखि तेस्रो श्रेणी कायम गरी मूल्यांकन गरिनेछ।<br><br>ख. कार्य अनुभव वापत-१० (दश) अंक<br>(अनुभव वापत प्रति वर्ष २ अंकको दरले बढीमा १० अंक प्रदान गरिनेछ । यसरी अंक प्रदान गर्दा चानचुन अवधिलाई दामासाही हिसाब गरी अंक प्रदान गरिनेछ। उमेद्धारले कार्य अनुभवको अवधि खुलेको कागजातको प्रमाणित विवरण आवेदनमा संलग्न गरेको हुनु पर्नेछ ।)<br>ग. स्थानीय बासिन्दालाई देहाय बमोजिम- १० (दश) अंक | |

| | | | |
|---|---|---|---|
| | | १.चैनपुर नगरपालिकाको बासिन्दा भएमा-१० अंक<br>२.चैनपुर नगरपालिका वाहेकको संखुवासभा जिल्लाको बासिन्दा भएमा-५ अंक<br>घ. अन्तर्वार्तामा प्रदान गरिने अधिकतम-२० अंक।<br>यस अनुसार अंक प्रदान गर्दा न्यूनतम ८( आठ) र अधिकतम १४ (चौध) अंकको सीमा भित्र रही प्रदान गर्नु पर्नेछ।<br>ङ. प्रयोगात्मक परीक्षाः प्रयोगात्मक परीक्षामा प्रदान गरिने अधिकतम अंक ५०(पचास)<br>नगरपालिकालाई आवश्यक पर्ने कुनै पद करारमा पूर्ती गर्दा प्रयोगात्मक परीक्षासमेत लिनु पर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम सम्वन्धित सेवा समूहको विषय विज्ञको संयोजकत्वमा ३ सदस्यीय उपसमिति गठन गरी प्रयोगात्मक परीक्षा लिइने छ। र उक्त परीक्षामा उत्तिर्ण हुन कम्तिमा ४०% अंक ल्याउनु पर्नेछ।<br>च. लिखित, अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षामा सहभागीलाई सहभागिताको व्यहोरा जनाई हाजिर गराउनु पर्नेछ। साथै अन्तर्वार्ताको दिनमा भाग लिन आउने परीक्षार्थीले सक्कल प्रमाण पत्र तथा अनुभव सम्वन्धी कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। | |
| ५ | ५. अन्तर्वार्ता र सूचिकरण समितिः माग पद संख्याका आधारमा कार्यविधिको दफा (४) को उपदफा (३) बमोजिम उच्चतम अंक प्राप्त गरेको उम्मेदवारलाई प्रारम्भिक छनौट गर्न र अन्तर्वार्ता समेत | ५. पदपूर्ति समितिः करारमा कर्मचारीको पदपुर्तीको लागि विज्ञापन प्रकाशन देखि सिफारिस गर्न देहायको पदपुर्ती समिति रहनेछः | करार पदपुर्तीको लागि विज्ञापन प्रकाशन देखि सिफारिस गर्न |

| | | | |
|---|---|---|---|
| | लिई सूचिकरणको सिफारिस गर्न देहायको अन्तर्वार्ता तथा सूचिकरण समिति रहनेछः<br>(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक<br>(ख) जिल्ला सरकारी वकील कार्यालयको अधिकृत प्रतिनिधी -सदस्य<br>(ग) सम्वन्धित सेवा समूहको विषय विज्ञको रुपमा सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी- सदस्य<br>(घ) नगर प्रमुखले तोकेको कार्यपालिकाको सदस्य मध्ये एक जना – सदस्य<br>(ङ.) नगरपालिकाको विषयगत शाखा प्रमुख-सदस्य सचिव<br>अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा लिंदा नगर प्रमुख/उपप्रमुखलाई आमन्त्रण गर्नु पर्नेछ।<br>समितिका सदस्य तथा आमन्त्रित सदस्यहरुले नियमानुसार दैनिक भ्रमण भत्ता र कार्यपालिकाको सदस्यले पाएसरहको बढीमा ५ बटा बैठकको भत्ता पाउने छन्। | (क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक<br>(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको विषय विज्ञको रुपमा सरकारी सेवा/नगरपालिकामा रहेको अधिकृतस्तरको कर्मचारी-सदस्य<br>(ग) प्रशासन शाखा -सदस्य सचिव<br>समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको बिज्ञको रुपमा कसैलाई समितिको बैठक तथा परीक्षा कार्यक्रमका लागि आमन्त्रण गर्न सक्नेछ।<br>(घ) परीक्षा सम्पन्न गर्ने सम्बन्धमा सम्पूर्ण आवश्यक प्रबन्ध मिलाउने अधिकार पदपुर्ती समितिमा रहनेछ।<br>(ङ) पदपुर्ती समितिले परीक्षा संचालन गरी उम्मेदवार सिफारिस गर्ने प्रक्रिया सम्मको लागि आवश्यक बैठक, परीक्षा सञ्चालन, अन्तर्वार्ता लगायतको प्रशासनिक खर्चको व्यवस्थापन कार्यालयबाट गरिनेछ। | समिति आवश्यक भएकाले |
| ६ | ६. सूचिकरणको विवरण प्रकाशन गर्नेः(१) उमेद्वारले आवेदनसाथ पेश गरेको प्रमाणका आधारमा दफा ४ क, ख र ग बमोजिम प्राप्त गरेको कुल अंकमा दफा ४ को घ,ङ, र च बमोजिमको परीक्षा विधि मध्ये जुन विधिको परीक्षा लिइएको हो सो वापत प्राप्त सवै अंक गणाना गरी औषत अंक निकाल्दा सबैमा बढि अंक प्राप्त गर्ने उम्मेदवारहरुको वरीयताक्रमको आधारमा दफा (५) बमोजिमको समितिले सिफारिस गर्नेछ । नगर कार्यपालिकाक कार्यालयले सोही सिफारिसको आधारमा उम्मेदवारहरुको रोल नं. , नाम, थर, ठेगाना, काम गर्न तोकिएको शाखा आदि समेत उल्लेख | ६. अन्तिम नतिजा प्रकाशन गर्नेः<br>(१) दफा ४ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु दफा ५ बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेदवारहरुको रोल नं. , नाम, थर, ठेगाना, काम गर्न तोकिएको शाखा आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नेछ।<br>२) उपदफा (१) बमोजिम अन्तिम नतिजा प्रकाशन गर्दा पद संख्या भन्दा दोब्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ र सिफारिस भएका | विद्यमान कानूनको अस्पष्टतालाई निवारण गर्न |

| | | | |
|---|---|---|---|
| | गरी योग्यताक्रम अनुसार सूचिकरणको विवरण प्रकाशन गर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम सूचिकरण प्रकाशन गर्दा पद संख्या भन्दा दोब्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ र सिफारिश भएका उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ ।<br>तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सूचिकरण गर्न सकिनेछ ।<br>(३) उपदफा (१) बमोजिम योग्यताक्रममा रहेका उम्मेदवारलाई पत्राचार, फोन, ईमेल लगायत छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नु पर्नेछ । परीक्षार्थीहरुले दिएको फोन नं. तथा ईमेल ठेगानामा पठाएको सूचनालाई आधिकारिक मानिनेछ । | उम्मेदवारहरुको सूची सूचना पाटी र वेबसाईटमा राख्नु पर्नेछ ।<br>तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सिफारिस गर्न सकिनेछ।<br>(३) उपदफा (१) बमोजिम योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नु पर्नेछ । | |
| ७ | दफा ७ को उपदफा (१) र (२) रहेको सूचिकृत शब्द<br>दफा ७ को उपदफा (२) मा रहेको छनौट, अन्तरवार्ता तथा सिफारिस समिति<br>दफा ७, ८ र ९ मा रहेको प्राविधिक कर्मचारी वा प्राविधिक करार कर्मचारी भन्ने शब्द रहेको | दफा ७,८,९ को विभिन्न उपदफाहरुमा रहेको सूचिकृत, छनौट, अन्तरवार्ता तथा सिफारिस समित र प्राविधिक कर्मचारी वा प्राविधिक करार कर्मचारी हटाई क्रमशः सिफारिस, पदपुर्ती समिति र कर्मचारी राखिएको छ । | संशोधनलाई मिलान गर्नु पर्ने देखिएकाले |
| ८ | यस कार्यविधि भरी प्रदेश नं. १ भन्ने शब्दहरु रहेको | कोशी प्रदेश, विराटगर नेपाल राखिएको छ । | अद्यावधिक आवश्यक देखिएकाले |
| ९ | अनुसूची-३ मा रहेको ढाँचा | उम्मेद्वारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरण थप गरिएको छ। | समायानुकुल बनाउन |